## मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम
## मल्लरानी गाउँपालिका
## आ.व. ०७७/०७८ मा संचालित कार्यक्रमहरुको

# सामाजिक/सार्वजनिक परीक्षण

## को

मल्लरानी गाउँपालिका
खलंगा
दर्ता नं: ३०१६
मिति : २०७८/०२/२०

श्री प्रशासन शाखा
दर्ता गरी पेश गर्नु
६।२०

## प्रतिवेदन

| पेश गर्ने : |
|---|
| युथ मिडिया डेभलप्मेन्ट सेन्टर नेपाल |
| खलंगा, प्यूठान |

Scanned with CamScanner

१. कार्यक्रमको नाम ः

**सामाजिक/सार्वजनिक परीक्षण कार्यक्रम**

२. कार्यक्रम अवधी ः

**२०७८ असार २ देखि १५ गतेसम्म**

३. कार्यक्रम हुने स्थान ः

**मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमबाट संचालन योजनाहरु**

४. सामाजिक परीक्षणमा सहभागी संख्या ः

**४१ जना**

Scanned with CamScanner

## ५. पृष्ठभुमि ः

स्थानीय सरकार भनेको गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समिति बुझिन्छ । लामो समयको अन्तराल पछि मुलुकमा स्थानीय तह, प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन भई जनताले आफ्ना प्रतिनिधि पाएका छन् । लामो समयको अन्तराल पछि मुलुकमा भएको राजनीतिक परिवर्तनसंगै जनताका अपेक्षा धेरै छन्, राज्यले सम्बोधन गर्न सकिरहेको छैन । नेपालमा सुशासन स्थापनाका लागि स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहँदै आएको छ । नेपालको संविधान, २०७२ मा वहुसंख्यक ग्रामीण जनताको हितलाई ध्यानमा राखी ग्रामीण विकासको गतिलाई तीव्रतर बनाउँदै लैजाने नीति राज्यले अवलम्वन गरेको र संविधानमै स्थानीय तहमा साधन श्रोत परिचालन, अधिकार र जिम्मेवारी निक्षेपण हुने व्यवस्था रहेको छ ।

तीन तहका सरकारहरुले ग्रामीण विकासलाई लक्षित गर्दै विभिन्न परियोजनाहरु संचालन गर्दै आएका छन् । लामो समय स्थानीय तहमा जनप्रतिनिधिहरु नहुँदा नागरिकहरुका आवश्यकताका योजनाहरु परिपुर्ति हुन सकेका थिएनन् । खासगरी सडक पहुँच, शुद्ध खानेपानी, सिंचाई, शिक्षा तथा स्वास्थ्य लागयत गाउँपालिकाका मुख्य समस्याहरु हुन् ।

स्थानीय तहको निर्वाचन पनि नागरिकहरुले आफ्ना जनप्रतिनिधि पाएका छन् । जननिर्वाचित प्रतिनिधिहरुसँगै विकास निर्माणका गतिविधिले समेत तिव्रता पाएका छन् । नतिजामुखी विकास निर्माणको क्रममा बजेट समेत धेरै लगानी भएका छन् । योजना सम्पन्न गर्न लगानी भएका ठूला योजनाहरु आ.व. ०७७/०७८ मा मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमद्धारा संचालन भएका महत्वपूर्ण योजनाको सामाजिक परीक्षण गरिएको छ ।

## ६. परिचय

गाउँपालिका अन्तरगत शिक्षा, सडक, स्वास्थय सेवा प्रवाहमा सुदृढिकरण, खानेपानीको चरम अभाव भएका क्षेत्रहरुमा खानेपानी सुविधा पुहँच विकासका लागि विभिन्न योजनाहरु कार्यान्वयनमा छन् । नेपाल सरकारले शिक्षा, स्वास्थ्यलाई नि:शुल्क र गुणस्तरीय सेवा प्रवाह गर्ने, एक घर एक धाराको अवधारणा अनुसार सबैलाई खानेपानीमा

Scanned with CamScanner

सहज पहुँच स्थापित गर्ने घोषणा गरेको छ। सरकारले लिएको लक्ष्य प्राप्तीका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको विभिन्न साझेदारीमा मल्लरानी गाउँपालिकामा समेत यी योजनाहरु कार्यान्वयनमा छन्।

विश्वभर फैलिएको कोभिड-१९ को संक्रमणको अवस्थाले योजनाहरु कार्यान्वयनमा समेत असर परिरहेको सन्दर्भमा ढिलो गरी आयोजना कार्यान्वयनमा छन्। यसैलाई मध्यनजर गर्दै परियोजना कार्यान्वयन कै चरणमा सम्बन्धीत निकायहरुले तोकेको स्वास्थ्य मापदण्डलाई पूर्ण रुपमा लागु गर्दै योजनाले पारेको प्रभावको मुल्यांकन तथा लेखाजोखा गर्दै **सामाजिक परीक्षण** कार्य सम्पन्न गरिएको छ।

**७. सामाजिक परीक्षण गर्नुको उद्देश्य :**

सरकारको उद्देश्य आर्थिक तथा सामाजिक सूचकका आधारमा कमजोर देखिएका गाउँपालिकाका समुदाय, घरपरिवार वा व्यक्तिहरुको गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी योजना मार्फत जीवनस्तर सुधार गर्न योजना कार्यान्वयनमा छन्।

उद्देश्य प्राप्तीका लागि कार्यान्वयनमा आएका योजनाहरुको सामाजिक परीक्षण गर्नुको उद्देश्यहरु देहाय बमोजिम रहेका छन्।

- विनियोजन भएको बजेट कार्यान्वयनको अवस्थाको मुल्यांकन र सामाजिक प्रभावको लेखाजोखा गर्ने।
- योजनाले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरिय बनाउन सघाउने
- योजनाको लक्ष्य, उद्धेश्य, बजेट आम्दानी र यसबाट प्राप्त उपलब्धि र खर्चको स्थानीय सरोकारवालाहरु वीचमा जानकारी गराउन।
- कार्यक्रम संचालन गर्दा प्राप्त चुनौती, उपलब्धि, सिकाई सार्वजनिक र श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिन।
- गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरि भावि कार्ययोजनाका लागि सुझाव संकलन गर्ने।
- लक्षित उद्देश्य पूरा भए, नभएको, बजेट सहि रुपमा खर्च भए, नभएको समिक्षा गर्न
- श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिन।

Scanned with CamScanner

**८. कार्यक्रमको लक्षित समुह र कार्यान्वयनको अवस्था :**

योजनाले लक्ष्य राखेको लक्षित समुहलाई पारेको प्रभावको अध्ययन गरिएको छ। योजनाहरु कार्यान्वयनको अवस्थालाई हेर्दा वर्तमान परिस्थितिमा तोकिएको समय भित्र कार्य सम्पन्न गर्नका लागि स्थानीय, उपभोक्ता तथा निर्माण समितिहरु क्रियाशिल भएको पाईएको छ।

**९. सामाजिक परिक्षण अर्न्तगत संचालन भएका गतिविधिहरु र समयावधी :**

- समन्वयात्मक बैठक - १ दिन
- योजनासँग सम्वन्धीत सन्दर्भ सामाग्रीको अध्ययन र समिक्षा, योजनाहरुको स्थलगत अन्तवार्ता, अवलोकन र उपभोक्ताहरु वीच छलफल - १० दिन
- प्रारम्भिक प्रतिवेदन माथि छलफल गरि प्राप्त सल्लाह, सुझावलाई समेटि प्रतिवेदनलाई अन्तिम रुप दिईएको छ। - २ दिन

**१०. परीक्षणले समेटेका मुख्य क्षेत्रहरु :**

परीक्षणले निम्न विषय क्षेत्रहरुलाई मुख्य रुपमा समेटेको छ।

- योजना संचालन गर्नुको उद्देश्य।
- कार्यान्वयनमा भएको चुनौती।
- यसअघिको अवस्था र हालको अवस्था, आसातित उपलब्धी।
- योजनका सवल पक्ष।
- स्थानीय श्रोत सामाग्रीको प्रयोगको अवस्था।
- स्थानीय जनशक्तिको उपयोगिता।
- योजनाका दुर्लव पक्ष।
- योजना कार्यान्वयनका क्रममा सुशासन कायम गर्न गरिएको प्रयास।

परीक्षणका क्रममा उठेका सवालहरुलाई कार्यान्वयनका लागि बनाउनुपर्ने कार्ययोजनालाई सुझावका रुपमा उल्लेख गरिएको छ।

Scanned with CamScanner

११. प्राप्त नतिजा :

| क्र.सं. | सवल पक्ष | दुर्लव पक्ष | सुधार गर्नुपर्ने |
|---|---|---|---|
| १. | बाखापालनका लागि दलित बस्ती छनौट भएको । | सामाजिक परिचालनको पाटो कमजोर रहेको । | सामाजिक परीचालनको कामलाई थप प्रभावकारी बनाउनुपर्ने । |
| २. | बाखापालक किसानहरुलाई खोर निर्माणमा टेवा पुगेको | समुहमा कार्यक्रम बारे जानकारी र बुझाईमा एकरुपता नभएको । | योजना कार्यान्वयन पुर्व स्थानीयको भेला गरी काम शुरुवात बारे जानकारी गराउनुपर्ने । |
| ३. | असाहयहरुका लागि शौचालय सहितको घर निर्माण भएको । | न्यून बजेटमा काम गर्नुपर्दा योजना अधुरो रहने । | किसानहरुलाई नियमित प्राविधिक सहयोग हुनुपर्ने । |
| ४. | आर्थिक अवस्था कमजोर भएकाहरुको जिर्ण घर मर्मत गरिएको । | इस्टिमेट बारे जानकारी नहुँदा काममा फरक पर्न गएको । | बजेट अभावका कारण अधुरा योजनाहरुमा बजेटको व्यवस्थापन गर्नुपर्ने । |
| ५. | बाल विकास केन्द्र भवन निर्माणले पूर्णता पायो । | टनेल बनेको तर सिंचाई सुविधा नभएको । | समुहमा कार्यक्रम संचालन गर्दा समुहको परिचय झल्कने सूचना पार्टी राख्नुपर्ने । |
| ६. | परम्परागत खेति प्रणालीलाई परिवर्तन गर्दै टनेल खेती शुरु भएको । | लागत साझेदारी धेरै हुँदा केहि कृषकहरु सहभागी हुन नसकेको । | |
| ७. | परिवारको सहयोगमा महिलाहरु आयआर्जनमा जोडिएका छन् । | | |
| ८. | स्थानीय श्रोत सामाग्री र जनशक्ति परिचालन भएको । | | |

Scanned with CamScanner

१२. परीक्षणका क्रममा उठेका केहि सवालहरु :

| क्र.सं. | योजना | सम्बन्धीत पक्ष | कैफियत |
|---|---|---|---|
| १. | नयाँ बनेकाहरुमा विद्युत र खानेपानीको धारा सुविधा पुऱ्याउनुपर्ने । | गाउँपालिका/अन्य निकाय | |
| २. | पशुपालन सहयोगका लागि आधारभुत प्रशिक्षण समेत संचालन गर्नुपर्ने । | गाउँपालिका/अन्य निकाय | |
| ३. | उपभोक्ता अनुसारको संरचना निर्माणमा जोड दिनुपर्ने । (जस्तै : बालविकास निर्माण गर्दा बालमैत्री संरचनामा बनाउनुपर्नेमा जोड दिने ।) | गाउँपालिका/अन्य निकाय | |
| ४. | कृषिमा सहयोग पुग्ने योजनाहरु संचालन गर्दा सिंचाई र विऊपलमा समेत ध्यान दिनुपर्ने । | गाउँपालिका/अन्य निकाय | |
| ५. | समुहमा योजना संचालन गर्दा त्यहाँको सम्भाव्यतालाई समेत ध्यान दिने । जसले त्यहाँको पहिचान समेत बनाउन सक्नेछ । | गाउँपालिका/अन्य निकाय | |

१३. परीक्षणका क्रममा अध्ययन गरिएका कागजात :

- समिति मार्फत छनौट तथा सिफारिस भएको माईनोट
- उपभोक्ता समितिको योजना किताव ।
- प्राविधिक स्टमेट ।
- उपभोक्ता समितिको माईनोट ।
- स्थलगत अवलोकन ।
- उपाभोक्ता समिति, निर्माण समिति, लक्षित वर्ग, स्थानीयसँग छलफल तथा अन्तरक्रिया ।

Scanned with CamScanner



बुढदेवी सिंचाई कुलो, मल्लरानी-३



टनेल, मल्लरानी-२

Scanned with CamScanner



बाखाखोर निर्माण, मल्लरानी-३



नयाँ घर निर्माण, मल्लरानी-४

Scanned with CamScanner



घमानसिंह बालविकास केन्द्र, मल्लरानी-५



उपभोक्ताहरुसँग छलफलको क्रममा

Scanned with CamScanner